# मार्मा गाउँपालिका राजपत्र

खण्डः ९ | संख्याः ६ | मितिः२०८२/०३/११

भाग –१


# मार्मा गाउँपालिकाको विनियोजन ऐन, २०८२

गाउँ सभामा पेश मितिः २०८२/०३/१०
गाउँ सभाबाट पारित मितिः २०८२/०३/१०
प्रमाणिकरण मितिः २०८२/०३/११
राजपत्रमा प्रकाशित मितिः २०८२/०३/११


**मार्मा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लटिनाथ, दार्चुला**

# मार्मा गाउँपालिकाको विनियोजन ऐन,२०८२

**प्रस्तावनाः** मार्मा गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम मार्मा गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम**"मार्मा गाउँपालिकाको विनियोजन ऐन, २०८२"**रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०८२/०८३को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित **चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम** समेत गरी जम्मा रकम रु (अक्षेरुपी मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त मार्मा गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

**(३)उपदफा (२)** मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि–१

## (दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

(रु हजारमा)

| क्र श | अनुदान संख्या | शीर्षक | चालु खर्च | पुँजिगत कर्च | वितिय खर्च | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | | गाँउपालिका | २९४११४ | ८५२७२ | ० | ३७९३८६ |
| 2 | | वडा समिति | ३४३५ | १०५६५ | ० | १४००० |
| 3 | | बिषय शाखा | ६५०८१ | ८०० | ० | ६५८८१ |
| 4 | | ऋणको सवा व्याज भुक्तानि | ० | ० | ० | ० |
| 5 | | लगानी(शेयर) | ० | ० | ० | ० |
| | | | ३६२६३० | ९६६३७ | ० | ४५९२६७ |

**आज्ञाले**
**धर्मेन्द्र जोशी**
**प्रमुख प्रशासकीय अधिकृत**